**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

# <u>कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण</u>

मितिः २०७६/१२/१७ गते

**१.निशुल्क एम्बुलेन्स सेवा सम्बन्धमाः** प्रस्ताव नं. १ माथी छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको सङ्क्रमण नेपालमा पनि देखिएको हुनाले यस बाट बच्न बचाउनका लागि नेपाल सरकार बाट लकडाउन गरिएको सन्दर्भमा यस कावासोती नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिक विरामी भै एम्बुलेन्स प्रयोग गर्न परेमा भरतपुर र जिल्ला अस्पताल मध्यविन्दु सम्म विरामी लैजादा लाग्ने एम्बुलेन्स भाडा खर्च मध्य ७० प्रतिशत भाडा कावासोती नगरपालिकाले बेहोर्ने र ३० प्रतिशत भाडा रकम सम्बन्धित एम्बुलेन्स संचालक संस्थाले यहि मिति २०७६/१२/१८ गते देखि लकडाउनको समय अवधि सम्म कावासोती नगरपालिका क्षेत्र भित्रका तपशिलमा उल्लेखित ७ वटा एम्बुलेन्सले उल्लेखित कागजातहरु संलग्न गरि पेश गरि सम्बन्धित संस्थालाई नै भुक्तानी दिने, साथै एम्बुलेन्समा आवश्यक पर्ने स्प्रे, चालकको लागि मास्क, स्यानीटाइजर नगरपालिका बाट एम्बुलेन्स लाई उपलब्ध गराउने र तोकिएको ७ वटा एम्बुलेन्सको चालकलाई मात्र एम्बुलेन्स चलेको दिनमा प्रोत्साहन स्वरुप प्रति दिन प्रति चालक रु ३००।– का दरले कावासोती नगरपालिका बाट भत्ता दिने, यदि कावासोती नगरपालिका क्षेत्र भित्रका वासिन्दाले तोकिएको बाहेक अन्य एम्बुलेन्स प्रयोग गरेमा ७० प्रतिशत भाडा रकम कावासोती नगरपालिका बाट सम्बन्धित व्यक्तीलाई भुक्तानी दिने भनि सर्वसमिति बाट निर्णय पारित गरियो।

**<u>कावासोती नगरपालिका क्षेत्र भित्रको तोकीएको एम्बुलेन्सहरुको विवरणः</u>**

- नेपाल रेडक्रस सोसाइटी कावासोती
- पिठौली स्वास्थ्य चौकी
- नवलपुर अस्पताल
- कालीगण्डकी अस्पताल
- मध्यविन्दु अस्पताल
- मातृभुमी क्लब कावासोती नगरपालिका वडा नं.६
- भु.पु. सैनिक

**<u>रकम भुक्तानीको लागि आवश्यक कागजातहरुः</u>**

- मेडिकल रिपोर्ट
- नागरिकताको प्रमाण पत्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस (बाहिर बाट आएर बसोबास गरेको व्यक्तीको बसाइसराई कागजात )
- एम्बुलेन्सको विल

**२. राहत वितरण मापदण्ड सम्बन्धमाः** प्रस्ताव नं.२ माथी छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को सङ्क्रमण बाट बच्न तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारबाट देशभरि लकडाउन गरिएको अवस्थामा नगर क्षेत्र भित्र स्थानिय समुदायका मानिसहरुलाई दैनिक खाधान्नमा समस्या परिरहेको हुनाले कावासोती नगरपालिका बाट राहत वितरणका लागि तपशिलमा उल्लेखित राहत वितरण मापदण्ड सर्वसमिति बाट पारित गरियो।

**राहत वितरण मापदण्डः**

- परिवारको कुनै पनि सदस्य नेपाल सरकार वा संगठित संस्थामा जागिर नभएको।
- परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको।
- कुनै पनि व्यक्तीको आयमुलक व्यापार व्यवसाय नभएको।
- अर्ध पक्की वा पक्की घर भएको, घर भाडामा लगाएको हुन नहुने।
- खेतीयोग्य जमिन नभएको ।
- कुनै पनि व्यक्ती सरकारी वा गैह्र सरकारी संस्थाको पेन्सन नभएको।

**३. राहत वितरण सम्बन्धमाः** प्रस्ताव नं. ०३ माथि छलफल गर्दा कोरोना भाइरसको बढ्दो नियन्त्रण गर्न नेपाल सरकार बाट जारी लकडाउनले दैनिक काम गरेर गुजारा गर्ने अति विपन्न कावासोती नगरपालिका क्षेत्रमा बसोबास गरेका समुदायलाई माथी उल्लेखित राहत वितरण मापदण्ड अनुसार प्रत्येक वडामा राहत वितरण डिपोको स्थापना गरि वडा अध्यक्ष र स्थानिय जनप्रतिनिधिहरुको उपस्थितिमा सम्बन्धित वडा कार्यालयले तोकिएको दर रेटमा नबढ्ने गरि कोटेशन माग गरि खरिद प्रकृया अपनाई गुणस्तरिय सामाग्री खरिद गरि आ-आफ्नो वडामा तपशिलमा आधारित राहत प्याकेज अनुसार दैनिकि ज्याला मजदुरी गरि जिवन गुजारा गर्ने गरिब, विपन्न व्यक्तीलाई पहिलो प्राथमिकता दिइ राहत वितरण गर्ने भनि निर्णय पारित गरियो।

**राहत प्याकेज विवरणः**

**१. ४ जना सदस्य सम्मको परिवारको लागि**

| क्र.स. | विवरण | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | चामल- मोटा | २० के.जी. | ५५ | ११००।- | |
| २ | सनफलावर तेल | २ पोका | ९० | १८०।- | |
| ३ | आलु | ५ के.जी. | ५० | २५०।- | |
| ४ | नुन | १ पोका | २५ | २५।- | |
| ५ | लाइफबाई सावुन | २ वटा | ४० | ८०।- | |
| ६ | मसुरोको दाल | २ के.जी. | १२० | २४०।- | |
| **जम्मा प्याकेज** | | | | **१८७५।-** | |

**२. ४ जना सदस्य भन्दा बढी परिवारको लागि**

| क्र.स. | विवरण | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चामल- मोटा | ३० के.जी. | ५५ | १६५०।- | |
| २ | सनफलावर तेल | ३ पोका | ९० | २७०।- | |
| ३ | आलु | १० के.जी. | ५० | ५००।- | |
| ४ | नुन | २ पोका | २५ | ५०।- | |
| ५ | लाइफबाई सावुन | ३ वटा | ४० | १२०।- | |
| ६ | दाल | ३ के.जी. | १२० | ३६०।- | |
| **जम्मा प्याकेज** | | | | **२९५०।-** | |

**४.मापदण्ड अनुसार पुनः नामावली पठाउने सम्बन्धमाः** प्रस्ताव नं. ४ माथी छलफल गर्दा कावासोती नगरपालिका अन्तरगतको १७ वटै वडा बाट हाल प्राप्त विपन्न घरधुरीहरुको नामावली पुनः प्रत्येक वडाबाट माथी उल्लेखित मापदण्ड अनुसार यथार्थ विवरण नामावली संशोधन गरि कावासोती नगरपालिकामा यहि मिति २०७६/१२/ १८ गते सम्ममा पठाउने भनि निर्णय पारित गरियो ।